म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २९९ २०८१ असोज ६ गते आइतबार 22 September 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## बागमतीको प्रमुख प्रशासकीय अधिकृतमा दर्जी

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा ओम बहादुर दर्जी पदस्थापित हुनुभएको छ । शुक्रबार गाउँपालिकाका अध्यक्ष सर्केश घलानले दर्जीलाई पालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा स्वागत गर्नुभएको छ। प्रमुख प्रशासकीय अधिकृत दर्जीले शुक्रबार पालिकामा उपस्थित भएर कार्यभार सम्हाल्नुभएको छ । दर्जी सिन्धुली जिल्लाको मरिण गाउँपालिकाबाट सरुवा भएर आउनुभएको हो । दर्जी ३४ महिनादेखि मरिणको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत हुनुहुन्थ्यो । २०६९ सालमा निजामती सेवामा प्रवेश गर्नु भएका दर्जीले २०७४ सालदेखि विभिन्न स्थानीय तहहरुमा शाखा अधिकृतको रुपमा सेवा सुरु गर्नुभएको थियो । यसअघि बागमती गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा झम्कनारायण घलानले दुई वर्षदेखि जिम्मेवारी सम्हाल्दै आइरहनुभएको थियो ।

# प्रदशेसभा बैठक आज बस्ने

## सहमतिबिना संसद चल्न सक्दैन: प्रतिपक्षी



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा बैठक आज आइतबार बस्ने भएको छ। गत १६ साउनमा विज्ञान प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गर सँगै स्थगित भएको प्रदेशसभा बैठक डेढ महिनापछि बस्न लागेको हो ।

आइताबर दिउँसो १ बजेका लागि प्रदेशसभाको बैठक आह्वान गरिएको छ । प्रदेशसभा बैठक २ दिन (६ र ७ गते) चल्ने प्रदेशसभा सचिवालय हेटौंडाले जनाएको छ ।

प्रदेशसभा सचिवालयका अनुसार आइतबारको बैठकमा विशेष समय र समितिबाट तयार भएको ३ वटा विधेयकका प्रतिवेदन पेश हुने कार्यसूची रहेको छ । शनिबार दिउँसो बसेको प्रदेशसभा अन्तर्गतको कार्यव्यवस्था समितिको बैठकले विशेष समय र विधेयकको प्रतिवेदन पेश गर्ने कार्यसूची तयार गरेको हो ।

बैठकको निर्णय अनुसार विशेष समयमा दलीय हिसाबमा सांसदहरुले ३ मिनेटमा आफ्नो धारणा राख्नेछन् भने सोपश्चात् बैठकमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिबाट पारित भएको २ वटा र उद्योग, पर्यटन तथा वातावरण समितिबाट पारित भएको एउटा विधेयकको प्रतिवेदन संसदमा प्रस्तुत हुनेछन् । शिक्षा, स्वास्थ्य तथा कृषि समितिबाट प्रदेश स्वास्थ्य ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन, प्रदेश कृषि विकास सम्बन्धमा बनेको विधेयकको प्रतिवेदन र उद्योग, पर्यटन तथा वातावरण समितिले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन रहेका छन् ।

प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकालले साविककै अवस्थामा बैठक चल्न नसक्ने बताउनुभएको छ । उहाँले विगतको सहमति र हालको अवस्था तथा सरकारका गतिविधिउपर सरकारको उचित धारणा प्राप्त नभएसम्म संसद बैठक चल्न नसक्ने बताउनुभएको हो ।

उहाँले बजेट कार्यान्वयन, बजेटमा दलहरुबिचको सहमति, कर्मचारी सरुवा/बढुवा, विपद् व्यवस्थापन र सरकारको कामकाजका विषयमा मुख्यमन्त्रीको उचित धारणा माग गर्नुभयो । सरकारको समभ्रूदारी नभई संसद चल्नसक्ने अवस्था नरहने उहाँको भनाइ छ ।

‘विगतमा बजेट पारित गर्दा सरकार पक्ष र तत्कालीन प्रतिपक्षबिच केही सहमति भएका छन् । त्यो सहमतिका विषयमा वर्तमान सरकारको धारणा आउनुपर्छ’, माओवादीका प्रमुख सचेतक ढकालले भन्नुभयो- ‘कर्मचारी सरुवा र बढुवा पनि नियम कानुन संगत हुन सकेको छैन । त्यसमा पनि मुख्यमन्त्रीले जवाफ दिनुपर्छ ।’ विपद्को समयमा प्रदेशका नागरिकले सरकारको महशुस गर्न नपाएकाले आफूहरुले त्यसमा सरकारको ध्यानाकर्षण गराएको उहाँको भनाइ छ । वर्तमान सरकारको कामकाज पनि चित्तबुझ्दो नभएकाले सरकारको धारणा मागेको उहाँले बताउनुभयो ।

सरकारले पहिलो चौमासिक सम्पन्न हुने चरणमा पुग्दैगर्दा बजेट कार्यान्वयनका लागि मातहतका कार्यालयहरुलाई अख्तियारी नदिएको उहाँले बताउनुभयो । बजेटमाथि चलखेल गर्ने रणनीति अनुरुप सरकारले बजेट कार्यान्वयनमा विभागीय कार्यालयका प्रमुखलाई रोक लगाएको उहाँको भनाइ छ । उक्त विषयमा सरकारले सबै दलहरुसँग समभ्रूदारी गरेर अघि बढ्न प्रतिपक्षले माग गरेको उहाँले बताउनुभयो। सरकारले संसद बैठकअगावै उक्त विषयमा सहमति गरेको खण्डमा मात्र बैठक चल्ने, अन्यथा बैठक चल्न नसक्ने उहाँको भनाइ छ ।

# मुख्यमन्त्रीद्वारा सर्वदलीय बैठक आह्वान

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले सर्वदलीय बैठक आह्वान गर्नुभएको छ । प्रदेशसभा सञ्चालन गर्ने उद्देश्यअनुरुप मुख्यमन्त्री लामाले सर्वदलीय बैठक आह्वान गर्नुभएको हो ।

मुख्यमन्त्री लामाले आइतबार बिहान ८ बजेका लागि बैठक बोलाउनु भएको हो । बैठक मुख्यमन्त्री लामाको सरकारी निवासमा बस्नेछ । आइतबार दिउँसो १ बजेका लागि बोलाइएको प्रदेशसभा बैठकमा प्रतिपक्ष दलले अवरोध गर्ने संकेत दिएपछि मुख्यमन्त्री लामाले सर्वदलीय बैठक बोलाउनुभएको हो ।

प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रले शनिबार दिउँसो बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा विगतको सहमति र हालको अवस्था तथा सरकारका गतिविधिउपर सरकारको उचित धारणा नआएसम्म संसद बैठक चल्न नसक्ने बताएको थियो । सोलगत्तै मुख्यमन्त्री लामाले सर्वदलीय बैठक आह्वान गर्नुभएको सत्तापक्षका मुख्य सचेतक गोविन्द लम्सालले बताउनुभयो । मुख्यमन्त्री लामाले दलका नेताहरुलाई



छलफलका लागि बोलाएको उहाँको भनाइ छ । उक्त छलफलको सहमतिपछि प्रदेशसभा बैठक सञ्चालन हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

‘माओवादी केन्द्रले उठाएका केही विषयहरुमा लगभग सहमति भइसकेको छ । केही विषयहरु भने बिहानको सर्वदलीय बैठकले टुंग्याउने छ’, मुख्य सचेतक लम्सालले भन्नुभयो- ‘केही असमभ्रूदारीहरु हटाउने र प्रदेशसभा बैठकमा दलहरुको साझा धारणा निर्माण गर्न बैठक बस्न लागेको हो ।’

माओवादी केन्द्रले बजेट कार्यान्वयन, बजेटमाथिको दलहरुबिचको सहमति, कर्मचारी सरुवा/बढुवा, विपद् व्यवस्थापन र सरकारको कामकाजका विषयमा मुख्यमन्त्रीको उचित धारणा माग गरेको छ । बजेटमाथि चलखेल गर्ने रणनीतिअनुरुप सरकारले बजेट कार्यान्वयनमा विभागीय कार्यालयको प्रमुखलाई रोक लगाएको र उक्त विषयमा सरकारले सबै दलहरुसँग समभ्रूदारी गरेर अघि बढ्न माओवादी केन्द्रले माग गरेको छ । सरकारले संसद बैठकअगावै उक्त विषयमा सहमति गरेको खण्डमा मात्र बैठक चल्ने अन्यथा बैठक चल्न नसक्ने माओवादीको भनाइ छ ।

आइतबार बस्ने प्रदेशसभा बैठकमा विशेष समय र समितिबाट तयार भएको ३ वटा विधेयकका प्रतिवेदन पेश हुने कार्यसूची रहेको छ । बैठकमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिबाट प्रदेश स्वास्थ्य ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन, प्रदेश कृषि विकास सम्बन्धमा बनेको विधेयकको प्रतिवेदन र उद्योग, पर्यटन तथा वातावरण समितिले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन रहेका छन् ।

# हेटौंडामा शनिबार १०२ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः हेटौंडा अटोमोबाइल्स एसोसिएसनको आयोजनामा शनिबार हेटौंडामा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा १ सय २ जनाले रक्तदान गरेका छन् ।

रक्तदान कार्यक्रम हेटौंडा-१०, बुद्धचोकमा भएको थियो । रक्तसंचार केन्द्र हेटौंडाका प्राविधिक सहायक किशोर सापकोटाका अनुसार चालु आर्थिक वर्षमा यो नै सबैभन्दा बढी रगत संकलन गर्ने गरी आयोजना भएको कार्यक्रम हो । हेटौंडा अटोमोवाइल्स एसोसिएसनले हरेक वर्ष रक्तदान कार्यक्रमको आयोजना गर्दै आएको छ । रक्तदान कार्यक्रममा ७ जना महिला र ९५ जना पुरुषले रक्तदान गरेको सापकोटाले बताउनुभयो ।

आउँदो शनिबार असोज १२ गते पदमपोखरीमा स्वयमसेवी रक्तदाता समाजको आयोजनामा रक्तदान कार्यक्रम हुँदैछ । अहिले हेटौंडामा रगतको माग र वितरण सहज रहेको रक्तसञ्चार केन्द्र हेटौंडाले जनाएको छ । गत बुधबार एक सय युनिट रगत चितवन पठाइएको थियो । हेटौंडाको माग सन्तुलनमा रहेको र रक्तदान कार्यक्रमबाट संकलित रगत पर्याप्त हुँदा चितवन पनि पठाउने गरिन्छ । चितवनमा मकवानपुर जिल्लाबाट स्वास्थ्य उपचारका लागि चितवन जानेको संख्या उल्लेख्य रहने गरेको छ ।

# साईकल प्रशिक्षण ३० जना बालबालिका

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला साइक्लिङ संघको आयोजनामा एकदिवसीय साईकल प्रशिक्षण सम्पन्न भएको छ । शनिबार बिहान हेटौंडा-४ स्थित श्रमिक माध्यमिक विद्यालय परिसरमा प्रशिक्षण कार्यक्रम भएको हो । कार्यक्रममा ७ वर्षदेखि १७ वर्ष उमेर समूहका ३० जना बालबालिका सहभागी थिए । साईकल चलाउने आधारभूत तालिमको सौद्धान्तिक शिक्षा तथा अभ्यास गराइएको छ ।

नेपाल साइक्लिङ स्कूलकी संस्थापक लक्ष्मी मगर, प्रतिक थापा र चन्द्र थापाले प्रशिक्षण कार्यक्रममा सहजीकरण गर्नुभएको थियो। साइकल नियमित प्रयोग गर्ने, स्वास्थ्यका दृष्टिले प्रयोग गर्ने क्रम बढेको उल्लेख गर्नुहुँदै प्रशिक्षक लक्ष्मी मगरले सही तरिकाले साइकल चलाउन जान्दा स्वास्थ्यमा समेत सकारात्मक लाभ हुने भएकोले साइकल चलाउने तरिका सिक्न जरुरी रहेको औंल्याउनुभयो । सन् २०१९ मा सम्पन्न दक्षिण एसियाली खेलकुदमा साइक्लिङतर्फ स्वर्ण पदक विजेता लक्ष्मी मगरले काठमाडौंमा साइक्लिङ स्कूल नै स्थापना गरी ५ दिनदेखि चार वर्षसम्मको साइक्लिङ कोर्ष सञ्चालन गर्दै आएको जानकारी दिनुभयो।


तालिममा सीमित संख्यामा मात्रै सहभागी गराइएको उहाँले स्पष्ट पार्नुभयो । काठमाडौं उपत्यका बाहिर पहिलो पटक हेटौंडामा साइक्लिङसम्बन्धी प्रशिक्षण सञ्चालन गरिएको जानकारी दिनुहुँदै उहाँले मकवानपुरमा साइक्लिङप्रति बालबालिकाको आकर्षण र कलाबाट प्रभावित भएको बताउनुभयो। मकवानपुर जिल्ला साइक्लिङ संघका अध्यक्ष संगीत श्रेष्ठले एक दिवसीय प्रशिक्षण राम्रो भएको बताउनुभयो । सुरक्षित साइकलयात्राका लागि प्रशिक्षणको कार्यक्रम राखिएको उहाँको भनाइ छ ।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...



'असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।

अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।
हेटौंडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।

भेष खड्गी, सञ्चालक

हाम्रो ईभी सेवा

हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

NOW OPEN
20% Opening Discount
ERKE & PEAK brand authorized showroom
D next dress up
हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

# सम्पादकीय

## अनिश्चित सडक गुरुयोजना

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले कार्यान्वयनमा ल्याएको प्रादेशिक सडक गुरुयोजना (पिटीएमटी) कार्यान्वयन अनिश्चित हुने देखिएको छ । केही दिनअघि हेटौंडामा प्रदेशसभा सदस्यहरुले गुरुयोजना कार्यान्वयनको विषयमा चासो व्यक्त गर्दै गर्दा गुरुयोजना कार्यान्वयन सुनिश्चित नभएको दावी गरेका हुन् । बागमती प्रदेशसभाको अर्थ तथा विकास समिति बैठकमा चालु आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याएको गुरुयोजना सम्पन्न हुने समयसीमा, खर्च गर्ने रकम र गुणस्तरका विषयमा जिज्ञासा व्यक्त गर्दै चासो राखेका हुन् । गुरुयोजनाअन्तर्गतका सडकहरु निर्माण सम्पन्न हुने सुनिश्चिता नभएको भन्दै समिति सदस्यहरुले प्रश्न उठाएका छन् । विभिन्न सडक आयोजनाहरु विस्तृत अध्ययनबिना गुरुयोजनामा समावेशमात्रै गरेकाले कहिलेसम्म निर्माण सम्पन्न हुने र कति बजेट खर्च हुने अन्योल रहेकाले अनिश्चित देखिएको हो ।

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि २५० सडक आयोजनालाई समेटेर प्रादेशिक सडक गुरुयोजना बनाएको छ । २३० प्रादेशिक मार्ग र २० प्रादेशिक लोकमार्ग निर्धारण गरी गुरुयोजना कार्यान्वयनमा ल्याएको हो । जसअन्तर्गत ६ हजार ३४३ किलोमिटर सडक पर्दछ । १ हजार ११ किलोमिटर प्रदेश लोकमार्ग र ५ हजार ३३२ किलोमिटर प्रदेश मार्गको रुपमा समावेश गरिएको छ । गुरुयोजनाअन्तर्गतका सडक पूर्वाधार निर्माणका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा करिब १० अर्ब रुपैयाँ बजेट विनियोजनसमेत गरेको छ । तर, गुरुयोजनालाई कानुनी प्रक्रियाबाटै सम्बोधन गरेर अघि बढाउन आवश्यक रहेको समिति सदस्यहरुले जोड दिएका छन् । ठोस कानुनी आधारबिना अघि बढाइएको गुरुयोजना अनुकूलताका आधारमा संशोधन गर्दै जाँदा सामान्य सडक आयोजनामा परिणत हुने जोखिम रहेको विषय उजागर गरिएको छ । प्रादेशिक सडक गुरुयोजना वैज्ञानिक र प्रभावकारी नभएको आरोप पनि छ । सरकारको लगानी र सम्पन्नताको सुनिश्चितासहित प्राथमिकताका साथ गुरुयोजना कार्यान्वयन हुनुपर्ने भनाइ छ ।


सरकारले आम नागरिकको सेवा र सुविधाका लागि विभिन्न सामाजिक, आर्थिक, भौतिक पूर्वाधार निर्माण गर्नुपर्छ । शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, कृषि, उद्योग, पर्यटन, सूचना तथा सञ्चार प्रविधि, वन, वातावरण, जलविद्युत्, सिँचाइजस्ता पूर्वाधार निर्माणमा सरकारले लगानी गर्दै आएको छ । अन्य पूर्वाधारको तुलनामा सरकारको प्राथमिकता सडक निर्माणमा देखिने गरेको छ । ग्रामीण भेगमा समेत प्राविधिक अध्ययन र मूल्यांकनबिना सडक निर्माण गर्ने होडबाजीले व्यापकता पाइरहेको छ । बागमती प्रदेश सरकारले अघि बढाएको प्रादेशिक सडक गुरुयोजनाले सडक निर्माणको क्रमलाई केही हदसम्म व्यवस्थित बनाउने भए पनि गुरुयोजना कार्यान्वयन निश्चित नहुँदा अन्योलता कायमै छ ।

प्रदेश सरकारले गुरुयोजनाअन्तर्गत समावेश सडक आयोजनाको अवस्थाका विषयमा अध्ययनसमेत सुरु गरेको छैन । प्रदेशमा प्रादेशिक सडक कुन–कुन हो र कति लम्बाइको छ भन्ने स्पष्ट विवरणसमेत प्रदेश सरकारसँग छैन । मात्रै सडकको सुरुवात र अन्तिम विन्दु (स्थान) र निर्धारण गरेर अनुमानित दुरी निकालिएको सडकको दायाँ–बायाँ सीमा कति हुने भन्नेसमेत निक्योंल हुन सकेको छैन । गुरुयोजनाअन्तर्गतका सडक आयोजनाको विस्तृत सूची बनाउने तयारीमा रहेको मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहका कानुन र मापदण्डअनुसार आगामी असार मसान्तभित्र सडकको सीमा निर्धारण गर्ने लक्ष्य राखेको छ । त्यसपछि बल्ल सरकारको लगानी तथा निर्माण अवधि र मर्मत कार्यको लागत अनुमान तयार हुने भएकाले गुरुयोजनाअन्तर्गतका सडक निर्माण अनिश्चित देखिएको हो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक प्रयोजनका काममा सरिक भइनेछ ।
**वृष** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**मिथुन** : आध्यात्मिक कामबाट मनमा सन्तुष्टि होला ।
**कर्कट** : मनबाट अनावश्यक शंका हटाउँदा राम्रो ।
**सिंह** : सामाजिक र धार्मिक काममा क्षेत्रका काममा सरिक ।
**कन्या** : पढाई–लेखाई मध्यमकारक रहने छ ।
**तुला** : सामाजिक र धार्मिक यात्रामा सरिक भइने छ ।
**वृश्चिक** : सहकर्मीहरुसँग असमझदारी बढ्न सक्ने छ ।
**धनु** : आध्यात्मिक तथा परोपकारमा सरिक भइने छ ।
**मकर** : रमझम र भेटघाटमा समय व्यतित होला ।
**कुम्भ** : धार्मिक कृत्यमा सरिक भइने समय छ ।
**मीन** : पठनपाठनका क्षेत्रबाट लाभ प्राप्त हुने समय छ ।

# संविधान बाधक हो त ?



**नेताहरुको ज्योतिषीलाई हात देखाएर छैठौं पटक प्रधानमन्त्री हुने भविष्यवाणीको अन्त्य हुने थियो । तसर्थ सुधार र परिवर्तन गर्नुपर्ने असंख्य विषय जुन समय अनूकुल र आवश्यकताको सिद्धान्तअनुरुप गर्दै जाँदा मात्र त्यो समयसापेक्ष देखिन्छ । मुलुक जड अवस्थामा रहन सक्दैन ।**

**विशभ अधिकारी**

असोज ३ गते संविधान दिवस मनाईयो । प्रत्येक वर्ष परम्परागतरुपमा मनाउने संविधान दिवस अर्थहिन हुँदै गएको छ । बितेका १८ वर्षको अनुभवले पनि वर्तमान संविधान बिवादास्पद र असफल सावित भयो । देश दूर्गति र भष्ट्राचारको आहालमा फस्यो । मौजूदा व्यवस्था र संविधान परिवर्तन नगरी जनताको अवस्थामा परिवर्तन आउने संकेत देखिएन । तसर्थ सबै मिलेर त्रूटीपूर्ण संविधान बदल्ने प्रयास गर्नु महत्वपूर्ण हुँदैछ । २०७२ सालमा जारी भएको नेपालको संविधान लामो प्रसव पीडापछि दोस्रो पटकको संविधान सभाले जारी गऱ्यो । संविधान जारी गर्दा संसारकै उत्कृष्ट संविधान भनियो । भएभरको व्यवस्था संविधानमा राखियो । समावेशी, समानूपातिक, मौलिक अधिकार लगायत समाजवादसम्म पुग्ने लक्ष्यसहितको संवैधानिक व्यवस्था गरि यो । राम्रो संविधान बनाउने नाममा संविधान ऊट जस्तो बनेको कसैले पत्तै पाएन । अहिलेको अस्थिरताका लागि संविधानलाई नै कारकको रुपमा लिईयो । दुई ठुला पार्टी नेपाली कांग्रेस र नकेपा एमालेको सरकार बन्दा संविधान संशोधनलाई मूख्य आधार बनाईयो । संविधान बनेको १० वर्ष लाग्दै गर्दा यसको पुनरावलोकनको बहस तीव्र भएको छ ।

“राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ हुनासाथ अभ्यासमा देखा परेका सवल पक्ष र दुर्वल पक्षका जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूल कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने” दुई दलबीच भएको ७ बुँदे सहमतिको दोस्रो बुँदामा भनिएको छ । तसर्थ यस्का सैद्धान्तिक विषयमा छलफल प्रारम्भ भएको छ । दुई ठुला दल खासगरी अस्थिरताको कारक साना दलहरुको भूमिका र सत्ताको फोहोरी खेल भएको हुँदा थ्रेसहोल्ड ३ प्रतिशतबाट बढाएर १० प्रतिशत गर्ने पक्षमा छन् । यसले धेरै साना दलको अस्तित्व राष्ट्रिय पार्टी हुनबाट बञ्चित हुन पुग्छन् । समानूपातिकको पनि चर्को बिरोध छ । समन्वय समिति काम छैन । ७७ वटा जिल्ला समन्वय समितिको संरचना राखेर स्थानीय तहलाई बलियो बनाउँदा झन् विकृति आयो । यो समिति ‘गाँडमाथिको खटिराको रूपमा रह्यो । तसर्थ शासकीय स्वरुपमा व्यापक परिवर्तन गर्नुपर्ने देखिन्छ ।

कांग्रेस, एमाले गणतन्त्र र लोकतन्त्रलाई नै सुदृढ गर्दै संविधान संशोधन गर्न चाहन्छ । यिनको जोड थ्रेसहोल्डमै छ । दुई दलीय व्यवस्था कायम गराउने र साना दललाई सिध्याउने खेलमा यिनको बढि जोड छ । संघीय लोकतन्त्र गणतन्त्रको पक्षधर शक्तिहरू यहि संविधानको परिधिभित्र केहि संवैधानिक व्यवस्थाहरुलाई संशोधन गर्न चाहन्छन् । निर्वाचन प्रणाली पनि संशोधनको एउटा बुँदा हो । केहि बुँदाहरु संशोधन गरेर कांग्रेस, एमाले वर्तमान सरकार गठनको औचित्य सावित गर्न खोज्दैछन् । तर संविधान संशोधन त्यति सहज छैन । यसमा माओवादी पार्टीको पनि सहमति आवश्यक छ । राष्ट्रिय सभामा अहिले पनि माओवादी १८ सिटसहित पहिलो पार्टीको रुपमा रहेको छ । तसर्थ यो आफैंमा जटिल प्रक्रिया हो । यसो भन्दैमा संविधान छुनै नहुने गीता, बाईबल, कुरान र वेद होईन । यो राष्ट्रिय आवश्यकता र जनचाहनाले क्रमशः परिवर्तन हुँदै जाने दस्तावेज हो । भष्ट्राचार, बेरोजगार र उत्पन्न विकृति र निराशाले संविधानले अब काम गर्न असमर्थ भयो भन्ने निर्णयमा जनता पुग्दैछन् । एउटा बलियो जनमत संविधानको खारेजीकै पक्षमा दृढतापूर्वक उभिन खोज्दैछ । संघीयता, गणतन्त्र, धर्म निरपेक्षतालाई बदल्ने प्रयासमा छन् । संघीयता खारेजीको पक्षमा त जबर्जस्त मत देखिँदैछ । तर ठूला दल संघीयतालाई व्यवस्थित गर्नुपर्छ भन्नेमा छन् ।

प्रदेशमा मुख्यमन्त्रीको प्रत्यक्ष निर्वाचन गराउने, समानूपातिक हटाउने बारे दलहरूले छलफल थालेको देखिन्छ । यद्यपि वर्तमान संविधानमा मूलुकको सार्वभौमसत्ता र भू-अखण्डता बाहेक संविधानको सबै व्यवस्था दुईतिहाई मतबाट परिवर्तन गर्न सकिन्छ । जनविश्वास जित्न सके गणतन्त्र संघीयता धर्मनिरपेक्षता बदल्न सकिन्छ । वास्तवमा यि तीनै विषय विदेशी दबाव र जनचाहना विपरित जबर्जस्ती लादिएको विषय हो । यो १८ वर्षको अनूभव र घटनाक्रम हेर्दा जसरी देश संकटको दलदलमा फस्दै गएको छ । तीव्र धर्मान्तरण हुनु, संगठित र योजनावद्धरुपमा हिन्दूत्वमाथि आक्रमण हुनु, जातीय सद्भावलाई भड्काउने काम र प्रयास निरन्तर भैराखेको छ । विदेशी हस्तक्षेप र प्रभाव हरेक सरकार परिवर्तनमा देख्न सकिन्छ ।

संघीयता त बोझ हो भन्ने जनबुझाई बलियो हुँदै गएको छ । आज हरेक क्षेत्र राजनीतिकरणले ग्रस्त छ संवैधानिक नियूक्ति राजनीतिक भागवण्डाको आधारमा हुन्छ । न्यायालय समेत राजनीतिमा प्रवेश गरिसकेको छ । तात्कालिन संसद विघटन पछि न्यायालयको आदेश र सक्रियताको घटनाले न्यायालय निष्पक्ष र स्वतन्त्र हुन नसकेको तथ्य प्रष्ट छ । यस्तो पृष्ठभूमिमा दलहरुको बीचमा नवीन समझारी गरेर जानू आवश्यक छ । वर्तमान शासकीय स्वरुप लगायत नीतिगत र संरचनागत परिवर्तन तत्काल नगर्ने हो भने मुलुक यथास्थितिमा रहन्छ । यसले निराशा बाहेक अरु केही ल्याउँदैन । जनतामा छाएको आक्रोश संविधानमा रहेको कतिपय त्रूटीपूर्ण व्यवस्थाले पनि निम्त्याएको छ । दुईपटक भन्दा बढी प्रधानमन्त्री हुन नपाउने, कानुन निर्माण गर्ने सांसद मन्त्री हुन नपाउने, सांसद संख्या घटाउने लगायत थुप्रै विषयलाई संवैधानिक प्रबन्ध गर्न सके केहि परिवर्तनको अनूभूति हुने थियो ।

नेताहरुको ज्योतिषीलाई हात देखाएर छैठौं पटक प्रधानमन्त्री हुने भविष्यवाणीको अन्त्य हुने थियो । तसर्थ सुधार र परिवर्तन गर्नुपर्ने असंख्य विषय जुन समय अनूकुल र आवश्यकताको सिद्धान्तअनुरुप गर्दै जाँदा मात्र त्यो समयसापेक्ष देखिन्छ । मुलुक जड अवस्थामा रहन सक्दैन । आज करिब १० वर्षको संवैधानिक अभ्यासले मुलूक ठीक ढंगले अघि बढेन । यो संविधानको अभ्यास सन्तोषजनक रहेन । तसर्थ जति चाँडो सक्दो नयाँ समझदारी आवश्यकता छ । सडकबाट जनताले परिवर्तन खोजे बंगलादेशको जस्तै घटना यहाँ पनि हुन सक्छ । बेलैमा सचेत बनौं । अस्तू ।

# विवाह बन्धन नै हो त ?



**जब विवाह प्रेममा परिणत हुन्छ तब संसार झलमल्ल उज्यालो हुन्छ । एक-अर्काप्रति विश्वास हुन्छ । समर्पण हुन्छ । सद्भाव हुन्छ । सहयोगी भावना हुन्छ । एक अर्काका प्रेरक र प्रेरणा हुन्छ । आजभोलि विवाह गरेपछि स्वतन्त्र हुन पाइँदैन, परिबन्दमा परिन्छ, यो बन्धन हो, भन्ने भावनाको विकास भएको पाइन्छ ।**

**होमनाथ मानवसेवा**

मानव जीवनको सुरुवात जन्मबाट हुन्छ । जन्मसँगै जीवनमा हामीले हाम्रो संस्कार, रीति रिवाज, संस्कृतिलाई आधार मानेर जीवनचक्र अगाडि बढिरहेको हुन्छ । जन्म अनिश्चित छ । तर मृत्यु निश्चित छ । जन्म र मृत्युको बीचमा हाम्रो जीवन रहन्छ । भोगाई, सिकाई, बुझाई, गराई नै हाम्रो जीवन हो । हाम्रो विचार ज्ञान र अनुभवबाट सृजित, सिञ्चित हुन्छ । त्यसैले जीवनको परिभाषा फरक हुनसक्छ । जीवनको परिभाषा जे भए पनि जीवनलाई हामीले आफ्नो आफ्नो तरीकाबाट चलाउने अधिकार हामीमा नै निहित छ । राम्रो-नराम्रो, सुख-दुख, असल र खराब हाम्रा विचारहरूका उन्नति हुन् ।

जीवन घटना र परिघटनाले पूर्ण र सार्थक बन्छ । जन्म, संस्कार, शिक्षा, कर्म, प्रेम, विवाह, सन्तान, मृत्यु यी जीवनका अभिन्न अङ्गहरू हुन् । हामीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यी घटनालाई नजिकबाट नियाली रहेका हुन्छौं वा भोगी आएका हुन्छौं ।

आज हामी यी घटना र परिघटनाको एक अङ्ग विवाह र यसका बारेमा चर्च गर्नेछौं । विवाह गरेका नवदम्पतीलाई विवाह बन्धनमा बाँधिनु भएकोमा हार्दिक शुभकामना भन्ने चलन छ । यो दृष्टिकोणलाई केही परिमार्जन गर्नुपर्ने देखिन्छ । एक विवाह बन्धन होइन र अर्को चाहीँ बन्धनमा परेकालाई शुभभावना दिनु त्यति उचित होइन ।

विवाह जीवनलाई सहज र सरल बनाउने अभिप्रायले एक युगल बीच हुने समझदारी वा सहयात्राको सुरुवात हो । अनिश्चित जीवनमा अनिश्चित व्यक्तिहरूसँगको सम्बन्ध र भेट बन्दछ । यसलाई व्यवस्थित र ऊर्जावान् बनाउने कार्य निश्चित जीवन सहयात्री सँगको विवाहले हुन्छ । एक रूपको (समान जीवनयापनका) जीवनलाई निरन्तरता दिनका लागि विवाहले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । विवाहका प्रकारहरू छन् । छुट्टा-छुटै चलन तथा रीति थितिहरू पनि छन् । यी थितिहरूका बीचमा विवाह बन्धन भन्ने शब्द सारै चलेको शब्द पनि छ ।

हामीलाई जिज्ञासा हुनसक्छ । के वास्तवमा विवाह बन्धनै हो त ? हाम्रो व्यवहारिक जीवनमा हिजो चन्द्रमुखी, आज सूर्यमुखी र भोलि ज्वालामुखी भन्ने भावनाको विकास भएको पाइन्छ । यो हाम्रो व्यवहारिक कमजोरी हो । हामी सम्बन्धलाई आफ्नो अनुकूल मात्र सोचिरहँदा, आफूले मात्र भनेको भैदियोस् भन्ने भावनाको विकास हुँदा यस्तो अनुभूति हुने गर्दछ । सफल वैवाहिक जीवनको लागि प्रेम, प्रेरणा र विश्वास चाहिन्छ । प्रेम बिनाको विवाह सम्बन्ध चाहीँ बन्धन हुन्छ । पिँजडा हुन्छ । एउटा साँधुरो परिधि हुन्छ । यो निस्पट्ट अँध्यारो हुन्छ । यसमा विश्वास र विवेकको कमी हुन्छ ।

जब विवाह प्रेममा परिणत हुन्छ तब संसार झलमल्ल उज्यालो हुन्छ । एक-अर्काप्रति विश्वास हुन्छ । समर्पण हुन्छ । सद्भाव हुन्छ । सहयोगी भावना हुन्छ । एक अर्काका प्रेरक र प्रेरणा हुन्छ । आजभोलि विवाह गरेपछि स्वतन्त्र हुन पाइँदैन, परिबन्दमा परिन्छ, यो बन्धन हो, भन्ने भावनाको विकास भएको पाइन्छ । विवाह गर्नु, नगर्नु स्वतन्त्र अधिकार हो । विवाह गर्नु नै सबैथोक होइन । अनि विवाह नगरिकनै हुँदैन भन्ने पनि छैन । यो संसारमा विवाह नगरेकाले पनि सफलता, सुख, शान्ति र आनन्दको अनुभूति गरेका छन् । अनि विवाह गर्नेहरूले पनि सफलता, सुख, शान्ति र आनन्द अनुभूति गरिरहेका छन् ।

तर यसले बन्धनमा पार्छ भनेर विवाहै नगर्नु चाही अज्ञानता नै हो । विवाह नै नगरी सन्न्यास जीवन जिउन सक्नु धेरै ठुलो तपस्याको कुरा हो । त्यसैले हिन्दु संस्कारमा चार आश्रमको कुरा गरिएको छ । ब्रह्मचर्य आश्रम, गृहस्थ आश्रम, वानप्रस्थ आश्रम, सन्न्यास आश्रम । यी जीवन जिउने कलाका आधारमा निर्माण गरिएको हो । नेपाली चलन चल्तीमा मान्छे परिपक्व हुनका लागि एक घर बनाएको हुनुपर्छ अर्को चाही घरजम गरेको हुनुपर्छ । विवाह प्रेम र समर्पण हो । प्रेम नभए पनि विवाह हुन सक्छ तर विवाहपछि प्रेम अवश्य हुन्छ । भएन भने त्यो केही दिनको सम्बन्ध मात्र बन्ने छ ।

विवाह बन्धन बन्नु हुन्न, यो स्वतन्त्र हुनु पर्छ र विवाहले बन्धनै बनाउँछ भन्ने छैन । के यो समाजमा सबै महिला बन्धनमा परेका छन् ? यो मानिसको सोच र व्यवहारमा भर पर्ने कुरा हो । सम्बन्धहरूमा अपेक्षा हुन्छ के अपेक्षालाई बन्धन मान्न मिल्छ । असल संस्कारका केही परिधि हुन्छ के त्यसलाई बन्धन भन्न मिल्छ । जिम्मेवारीमा रहेपछि केही सीमित कर्तव्यहरू हुन्छन् । के त्यसलाई बन्धन भन्न मिल्छ ? एक अर्काको बन्धक होइन सहयात्रीको कर्तव्य निर्वाह हुनुपर्छ । आफूखुसी गर्न नपाउनु सबै बन्धन होइनन् यो हामी नेपाली समाजको मर्यादा हो। सुसंस्कार हो ।

विवाहले विकास र विश्वास पनि बढाउँदछ । यसले सहयात्रा र सहकार्यको भावना सृजित गराउँदछ । शंका होइन समर्पण हुनुपर्छ । विवाह सम्झौता होइन समझदारी हो । विवाह सम्झौता होइन सहयात्रा बन्नु पर्छ । प्रतिस्पर्धा होइन एक अर्काको प्रेरक बन्नु पर्छ । वैवाहिक सम्बन्ध आशीर्वाद बन्नुपर्छ, अभिशाप बन्न हुन्न ।

# यश लामाको 'बहिष्कृत आवाज' सार्वजनिक




*यश लामाको कृति बहिष्कृत आवाज सार्वजनिक गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः कवि यश लामाको पहिलो कविता कृति 'बहिष्कृत आवाज' शनिबार हेटौँडामा सार्वजनिक भएको छ । शिक्षण पेशामा आवद्ध लामाले बहिष्करणमा परेका, पारिएका वर्गको आवाज बोल्ने प्रयास गरिएको बताउनुभएको छ ।

काठमाडौंको सांग्रीला बुक्सले बजारमा ल्याएको कविता कृति 'बहिष्कृत आवाज' माथि मकवानपुरको मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपाली र डा. रामजी रामले टिप्पणी गर्नुभएको छ । लामाको कृति विमोचन कार्यक्रममा जनप्रतिनिधि, राजनीतिकर्मी, साहित्यकारको उपस्थिति रहेको थियो । विद्यालय जीवनदेखि नै कविता लेख्दै आउनुभएका बारा जिल्लाको निजगढ नगरपालिका-७ का स्थायीवासी लामाले करिब १० वर्ष अवधिमा लेखिएका ४५ वटा कवितालाई छ खण्डमा विभाजन गरी 'बहिष्कृत आवाज' मा समावेश गर्नुभएको छ ।

विभिन्न कविता प्रतियोगिताहरुमा सहभागी भएर पुरस्कृत हुनुभएका लामा अहिले शिक्षण पेशामा आवद्ध हुनुहुन्छ । २०६१ सालमा बारा जिल्लाको निजगढ नगरपालिका-७ स्थित नेत्रोदय माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभएका लामाले कक्षा ११ र १२ निजगढ-८ स्थित गौरीशंकर माध्यमिक विद्यालयबाट पूरा गर्नुभयो । शिक्षाशास्त्र संकायबाट नेपाली विषयमा स्नातक र स्नात्तकोत्तर तहको शिक्षा लामाले हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसबाट पूरा गर्नुभयो । २०६५ सालदेखि नै शिक्षण पेशामा सक्रिय लामाले २०७६ सालमा शिक्षक सेवा आयोगले लिएको निमावि तहको परीक्षा उत्तीर्ण गरी स्थायी सेवामा हुनुहुन्छ । लामा हाल निजगढ-७ स्थित नेत्रोदय माध्यमिक विद्यालयमा कार्यरत हुनुहुन्छ ।

# ग्रिल तथा स्टील व्यवसायी संघको साधारणसभा

समाज संवाददाता

हेटौंडाः मकवानपुर ग्रिल तथा स्टील व्यवसायी संघको साधारणसभा सम्पन्न भएको छ । शनिबार संघका अध्यक्ष केशव प्रसाईंको सभाध्यक्ष तथा ग्रिल व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष ठूलोबाबु श्रेष्ठको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको हो ।

साधारणसभालाई सम्बोधन गनुहुँदै केन्द्रीय अध्यक्ष श्रेष्ठले व्यवसायी महासंघले सबै ग्रिल व्यवसायीलाई संगठित गरेको बताउनुभएको छ । उहाँले हार्डवेयरहरुको अनुगमन समिति बनाएर व्यवसायीको हक स्थापना गरेको बताउनुभयो । ७ वटै प्रदेशमा समिति बनाएर व्यवयासीहरुको हक र हितका लागि अगाडि बढ्ने योजना रहेको उहाँले बताउनुभयो । बागमती प्रदेशलाई नमुना व्यवसाय बनाउने उद्देश्य रहेको उहाँको भनाइ छ ।

साधारणसभामा आर्थिक वर्ष २०८०/०८१ मा ५ लाख ४७ हजार ४ सय ५२ रुपैयाँको प्राप्ति तथा भुक्तानी विवरण प्रस्तुत गरिएको छ । संघका अध्यक्ष प्रसाईंले कामको व्यवस्थापन गर्नका लागि फरक फरक उपसमिति बनाई कामहरुको बाँडफाँड गर्ने गरेको बताउनुभयो । व्यवसायीहरुलाई लाभान्वित हुने वातावरणको सिर्जना गर्नका लागि इन्सुरेन्सलाई निरन्तरता दिँदै ५ लाखबाट बढाएर ७ लाख पुऱ्याएको बताउनुभयो ।

दर्ता नगरी व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई दर्ता प्रक्रियामा लैजानका लागि पहल गरे पनि उक्त कार्यमा अपेक्षा गरेअनुरुप सफल नभएको उहाँले बताउनुभयो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देललगायत विभिन्न पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# वृद्धाश्रमलाई विद्यार्थीको सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको कक्षा १२ को मानविकी र शिक्षाशास्त्रअन्तर्गत ऐच्छिक अंग्रेजी विषय अध्ययनरत विद्यार्थीहरुले वृद्धाश्रमलाई खाद्यान्न सहयोग गरेका छन् ।

शुक्रबार विद्यार्थीहरुले हेटौंडा-२, चौकीटोलमा रहेको ॐ वृद्धाश्रममा खाद्यान्न सहयोग गरेको क्याम्पसका प्राध्यापक सुमार्गी हुमागाईंले जानकारी दिनुभयो ।

विद्यार्थीहरुले क्याम्पस खुलेदेखि भदौ महिनासम्म विद्यालयमा अनुपस्थित भएको दिन ५-१० रुपैयाँ संकलन गर्दै आएका थिए । संकलन गरेको रकम ७ हजार ५ सय रुपैयाँ भएको र सोही रकमबाट वृद्धाश्रममा सहयोग गरेको हुमागाईंले जानकारी दिनुभयो ।

वृद्धाश्रममा फलफूल, चामल, दाल, अण्डा, तेल आदि खाद्यान्न सामग्री दिइएको हो । विद्यार्थीहरुले वर्षेनी यस्तो कार्य गर्दै आएको उहाँले जानकारी दिनुभयो । वितरण कार्यक्रममा क्याम्पस प्रमुख यमबहादुर सिलवाल र सहायक क्याम्पस प्रमुख उत्तम अर्यालको उपस्थिति रहेको थियो । मानविकी र शिक्षाशास्त्र अन्तर्गत ऐच्छिक अंग्रेजी पढ्ने ५५ जना विद्यार्थी छन् ।

# पञ्चरत्नको सेयरपुँजी १ करोड ६० लाख

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ८ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार संस्थाका अध्यक्ष भोजमान श्रेष्ठको सभाध्यक्ष तथा हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

१ हजार २ सय ३ शेयर सदस्य रहेको सहकारीको आर्थिक वर्ष २०८०/८१ सम्म १ करोड ६० लाख ५४ हजार रुपैयाँ शेयरपुँजी छ । संस्थाले ९ करोड ८० लाख ६६ हजार ७५२ रुपैयाँको कारोबार गरेको छ भने जगेडा कोष ९८ लाख ६ हजार ४८६ रुपैयाँ रहेको छ । सहकारीले सदस्यलाई पाँच करोड ३२ लाख १८ हजार ५ सय ८२ रुपैयाँ कर्जा लगानी गरेको छ । सहकारीमा ५ करोड ५५ लाख ४० हजार ४ सय ५५ रुपैयाँ बचत निक्षेप रहेको जनाएको छ ।

सहकारीले साधारणसभाको अवसरमा जेष्ठ सदस्यतर्फ गौरीप्रसाद उपाध्याय र लक्ष्मीदेवी शाक्य, असल ऋणीतर्फ सत्यमान श्रेष्ठ र श्रृजना श्रेष्ठलाई सम्मान गरेको छ । यस्तै, नियमित बचततर्फ रमेशमोहन अधिकारी र एककुमारी भुजेललाई सम्मान गरिएको छ भने एसईईमा उत्कृष्ट अंक ल्याउने एलिजा बन्जारा, प्रतिष्ठा कार्की र सुदीन दाहाललाई पुरस्कृत गरिएको छ ।

सहकारीले कर्मचारीतर्फ वरिष्ठ सहायक राममाया गुरुङ र बजार प्रतिनिधि सावित्रीकुमारी नेपाल तथा प्रष्टखबर डटकमका वरिष्ठ संवाददाता सुनिल शिवाकोटीलाई नगदसहित सम्मान गरेको थियो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका सञ्चालक सदस्य हिमाल पौडेल र नेफ्स्कुन फिल्ड उपसमिति सदस्य राजेन्द्रप्रसाद पौडेल, युसेस साकोसका उपाध्यक्ष हयग्रीव आचार्यलगायतको आतिथ्य रहेको थियो ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# 'ग्याल्बो राजा'को विशेष शो हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा तामाङ चलचित्र 'ग्याल्बो राजा' को विशेष शो हुने भएको छ । शनिबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै चलचित्र टिमले शोबारे जानकारी गराएको हो ।

चलचित्रका निर्देशक एवम् नायक विनायक तामाङले यही असोज १७ गतेदेखि १९ गतेसम्म हेटौंडाको ओम्याक्स हलमा विशेष शो हुने बताउनुभयो । १८ गते भने नेपाली भाषामा चलचित्र प्रदर्शन हुने बताउनुभयो ।

चलचित्र अधिकांश मकवानपुरमा नै छायाङ्कन भएको र कलाकार पनि मकवानपुरकै रहेका कारण हेटौंडामा विशेष शो गर्न लागेको उहाँले बताउनुभयो । उहाँका अनुसार चलचित्रमा गाउँमा तामाङ र दलित जातिको प्रेमकथामा आधारित विषयवस्तु समेटिएको छ ।

चलचित्रकी निर्माता एवम् नायिका संगीता तितुङले चलचित्र कार्तिक ९ गतेदेखि देशभर प्रदर्शन हुने बताउनुभयो । आफूले पनि चलचित्रमा डेब्यु गरेको बताउनुहुँदै यो चलचित्र राम्रो बनेको दाबी गर्नुभयो । प्रेमकथामा आधारित राम्रो चलचित्र बनेकाले सबैको माया पाउने उहाँले विश्वास व्यक्त गर्नुभयो । चलचित्रको गीतको भिडियो भने कालीदेवी मिडिया हाउसबाट सार्वजनिक भइसकेको उहाँले बताउनुभयो । चलचित्रमा मुख्य कलाकार अर्जुन गुरुङ, मायादेवी मोक्तान, सञ्चवीर लो, मेम्बर लो, ऋतु तामाङ, रोजिना तामाङ, मनिका सिन्तान र सञ्जय रुम्बा रहेका छन् ।

के तपाईं आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:
sambridhasamaj@gmail.com

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# नवयुवाको लगानी पौने २० करोड

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, नवलपुरस्थित नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । सहकारीका अध्यक्ष फूलमान श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशको सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

साधारणसभामा वडाध्यक्ष जुना दाहाल, वडा सदस्यहरू गीता सुनार, गोपिनी सापकोटा र सञ्जय विडारी, सहकारीका संस्थापक अध्यक्ष गोकर्ण प्रसाद पराजुली, निवर्तमान अध्यक्ष हिमप्रसाद पौडेलको आतिथ्य रहेको थियो ।

दुई हजार एक सय जना सेयर सदस्य रहेको नवयुवाको सेयर पुँजी दुई करोड ८४ लाख रुपैयाँ रहेको छ । सहकारीले २३ करोड ७१ लाख रुपैयाँ बचत संकलन गरेको छ भने १९ करोड ७५ लाख रुपैयाँ लगानी गरेको अध्यक्ष फूलमान श्रेष्ठले जानकारी दिनुभएको छ । साधारणसभाको अवसरमा सहकारीले बचतकर्ता, ऋणी, विद्यार्थी, ज्येष्ठ सदस्यलाई सम्मान गरेको छ ।

# हेटौँडामा पनि भैरव अर्यालको जन्मजयन्ती मनाइयो

समाज संवाददाता

हेटौँडाः साहित्य संगम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरको संयुक्त आयोजनामा हास्यव्यङ्ग्यकार भैरव अर्यालको ८९ औं जन्मजयन्ती हेटौँडामा मनाइएको छ ।

शनिबार बिहान हेटौंडा-५ स्थित पुष्पलाल स्मृति पुस्तकालय परिसरमा रहेको भैरव अर्यालको अर्धकदको प्रतिमामा माल्यार्पण गरी जन्मजयन्ती मनाइएको हो । सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष संप्रस पौडेलको सभाध्यक्षता तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यतामा प्रतिमामा माल्यार्पण गरिएको हो । भैरव अर्यालको व्यक्तित्वको चर्चा गर्दै कार्यक्रममा देवराज तिवारीले गजल र चिरञ्जीवी लामिछानेले हास्यव्यङ्ग्य कविता वाचन गर्नुभएको थियो ।

साहित्य संगम मकवानपुरका अध्यक्ष डिबी बतौंलाले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमलाई संगमका सचिव मनोज पोखरेलले सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा आँचल साहित्य कला पुञ्जकी अध्यक्ष भावना सापकोटा, साहित्यकारहरु मुना अर्याल, देवराज खरेल लगायतको आतिथ्य रहेको थियो ।

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
} TU Affiliate
BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

हार्दिक श्रद्धाञ्जली



जन्मः
२००४/११/०४

स्व. हीरालाल श्रेष्ठ

स्वर्गारोहणः
२०८१/०५/२५

मेरा पुजनीय बुबा **हीरालाल श्रेष्ठ**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं दिनको पूण्यतिथि**मा स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

छोरी/ज्वाई
गंगाकुमारी श्रेष्ठ/शिवनारायण श्रेष्ठ
नातिहरू
शिवान्त श्रेष्ठ/शियान्स श्रेष्ठ
हेटौंडा, मकवानपुर

# वडास्तरीय टि-२० क्रिकेटको उपाधि आयोजकले जित्यो



उपाधि साथ आयोजक टिम ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-८ कमानेमा भएको वडास्तरीय टि-२० क्रिकेट प्रतियोगिताको उपाधि आयोजक नेपाल खेलकुद महासंघ ८ नम्बर वडा कमिटीले जितेको छ । शनिबार हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको चौरमा सम्पन्न भएको फाइनल खेलमा वडा-९ ए लाई ५ विकेटले हराउँदै आयोजक नेपाल खेलकुद महासंघले उपाधि जितेको हो ।

टस हारेर पहिलो व्याटिङको निम्तो पाएको वडा-९ ले निर्धारित २० ओभरमा ९ विकेटको क्षतीमा १ सय ५२ रन बनाएको थियो । वडा-९ ए का कप्तान युविन बुढाथोकीले अवीजित रहँदै सर्वाधिक ९२ रन बनाएका थिए । यस्तै विश्ववन्धुले २० रन बनाएका थिए भने निश्चल रोक्काले १७ रनको योग्दान दिएका थिए । बलिङतर्फ आयोजक खेलकुद महासंघका सुजन चौलागाईले सर्वाधिक ४ विकेट लिएका थिए । समीर चौलागाईंले २ विकेट लिएका थिए ।

जवाफी व्याटिङ गरेको आयोजकले ११ ओभर ५ बलमा ५ विकेट गुमाउँदै वडा-९ ए ले दिएको लक्ष्य भेट्टायो । रमेश उपाध्यायले सर्वाधिक ७४ रन बनाएका थिए । सागर थापा मगरले ४६ रन बनाएका थिए । बलिङतर्फ वडा-९ बाट विकास तिवारी र युविन बुढाथोकीले समान २/२ विकेट लिएका थिए । म्यान अफ द म्याच वडा-९ का युविन बुढाथोकी घोषित भए । प्रतियोगिताको उपाधि विजेता अयोजकले ५० हजार रुपैयाँ र उपविजेता वडा-९ ले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । खेलकुद महासंघका अध्यक्ष मदन देउलाको अध्यक्षता तथा खेलकुद महासंघका केन्द्रीय सदस्य धर्मराज लामाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो । प्रतियोगितामा १९ वटा टिमहरुको सहभागिता रहेको थियो ।

# 'महालक्ष्मी साहित्य पुरस्कार-२०८१' बाट अर्याल सम्मानित



महाकाव्यकार मुना अर्याललाई महालक्ष्मी साहित्य पुरस्कार प्रदान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरे महाकाव्यकार मुना अर्याल 'महालक्ष्मी साहित्य पुरस्कार -२०८१' बाट सम्मानित हुनुभएको छ । शनिबार महालक्ष्मी विकास बैंकको प्रायोजन तथा मातृभूमि साहित्य समाज मकवानपुरको आयोजनामा भएको पुरस्कार वितरण कार्यक्रममा महाकाव्यकार अर्याललाई सम्मान गरिएको हो ।

महालक्ष्मी विकास बैंकको सहकार्यमा मातृभूमि साहित्य समाज मकवानपुरले महाकाव्यकार अर्याललाई ५१ हजार रुपैयाँ राशिको उक्त पुरस्कार प्रदान गरेको हो । अर्यालले काव्य लेखनबाट मकवानपुरको साहित्यलाई विशेष योगदान पुऱ्याएको आयोजकको भनाइ छ ।

मातृभूमिले ईश्वर मैनालीले स्थापना गर्नुभएको १० हजार रुपैयाँ राशिको 'केशवलाल स्मृति मातृभूमि पत्रकारिता पुरस्कार' बाट हेटौंडा सन्देश राष्ट्रिय दैनिकका सम्पादक माधव न्यौपानेलाई सम्मान गरेको छ । यस्तै, 'मकवानपुरश्री सम्मान-२०८१' बाट शिक्षासेवी बद्रीनाथ शर्मालाई सम्मान गरेको छ ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले पुरस्कृत हुनेहरुलाई सम्मापत्र प्रदान गर्नुभयो । कार्यक्रममा बोल्नुहुँदै उहाँले भाषा, कला र साहित्य मुलुकको पहिचान भएको बताउनुभएको छ । उहाँले साहित्य क्षेत्रले देशको पहिचान भइरहेको पनि बताउनुभयो । प्रदेश सरकारले भाषा, कला र साहित्यलाई जोगाउन आवश्यक कार्य गर्ने उहाँले आश्वासन दिनुभएको छ ।

मातृभूमि साहित्य समाज मकवानपुरका अध्यक्ष कृष्णप्रसाद दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा समाजका प्रमुख संरक्षक मुक्तिगोविन्द वैद्य र महालक्ष्मी विकास बैंकका क्षेत्रीय प्रबन्धक शम्भु पराजुलीलगायतको आतिथ्य रहेको थियो ।

# भेट्रान्स भलिबलको उपाधि नारायणी कलेजले जित्यो

समाज संवाददाता

हेटौंडाः हेटौंडामा भएको मकवानपुर जिल्लास्तरीय भेट्रान्स भलिबल प्रतियोगिताको उपाधि नारायणी कलेजले जितेको छ ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आयोजना तथा छहारी सेवा समाजको सहआयोजना शनिबार सम्पन्न भएको फाइनल खेल भएको हो । हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा सम्पन्न भएको फाइनल खेलमा नारायणी कलेजले भीमफेदी गाउँपालिकाको भेट्रान्स टिमलाई ३-१ को सेटले पराजित गरेको हो । पहिलो सेटमा भीमफेदीसँग नारायणी कलेज १८-२५ ले पराजित हुनुपरेको थियो । नारायणी कलेजले भीमफेदीलाई पछिल्ला ३ सेट क्रमशः २५-१५, २५-२१ र २५-१८ ले सहजै पराजित गरेको हो ।

उपाधि जितेसँगै नारायणी कलेजले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता भीमफेदीको टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । खेलको प्लेयर अफ द डे मकवानपुरगढीका शंकर गौतम घोषित हुँदै ट्रफी प्राप्त गरेको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित हुँदै नारायणी कलेजका प्रकाश चालागाईंले जनही २ हजार रुपैयाँको नगद प्राप्त गरे । उत्कृष्ट प्रशिक्षक नरायणीकै इश्वर छत्कुली, डिफेन्डर नारायणीकै नविन राजबाहक, उत्कृष्ट सेटर विनोद सुवेदी र उत्कृष्ट स्पाइकर भीमफेदीका रत्नसिद्धि लामा घोषित हुँदै जनही १ हजार रूपैयाँ प्राप्त गरेका छन् ।





उपाधि साथ नारायणी कलेजको टिम ।

छहारी युवा सेवा समाजका उपाध्यक्ष पुष्प मैनालीको सभाध्यक्षता तथा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो । पुरस्कार वितरण कार्यक्रममा जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइराला, भलिबल संघका अध्यक्ष बसन्त सिटौला, नारायली कलेजका प्राचार्य रघुनाथ खराल, हेटौंडा उपमहानगरपालिका भलिबल संघका अध्यक्ष राजु घले गुरुङ, कार्यक्रम संयोजल पुष्प मैनालीको उपस्थिति रहेको थियो । प्रतियोगितामा ११ वटा टिमको सहभागिता रहेको थियो ।

# मैत्रीपूर्ण क्रिकेटमा हेटौंडा क्याम्पस विजयी

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पसले आयोजना गरेको मैत्रीपूर्ण क्रिकेट खेलमा हेटौंडा क्याम्पस विजयी भएको छ । शनिबार हेटौंडा क्याम्पसले आयोजना गरेको क्रिकेटमा आयोजक र भुटनदेवी माध्यमिक विद्यालयबीच भएको प्रतिस्पर्धामा हेटौंडा क्याम्पस २ विकेटले विजयी भएको हो ।

खेलमा हेटौंडा क्याम्पसका जितेन्द्र साहले उत्कृष्ट ब्याट्सम्यानको उपाधि जित्नुभएको छ भने भुटनदेवी माध्यमिक विद्यालयका इशान्त मिश्र उत्कृष्ट बलर घोषित हुनुभयो । भुटनदेवी माध्यमिक विद्यालयका कप्तान बिट्टुकुमार पाल उत्कृष्ट फिल्डर, हेटौंडा क्याम्पसका कप्तान सन्दिप कुशवाह नेतृत्वमा रहनुभएको थियो ।

हेटौंडा क्याम्पसको अतिरिक्त क्रियाकलाप तथा सामाजिक सेवा समिति र मकवानपुरगढी गाउँपालिकाको क्रिकेट क्लबको समन्वयमा खेल भएको थियो । खेलमा एम्पायरको भूमिकामा मकवानपुर गढी क्रिकेट क्लबका सुजन अधिकारी, कृतिश दाहाल, विनम्र अधिकारी, सुजल लम्साल, र अनिश न्यौपाने रहनुभएको थियो ।

स्वविय हेटौंडा क्याम्पस अध्यक्ष अभि मैनालीले खेलकुदले विद्यार्थीहरूको शारीरिक, मानसिक र सामाजिक विकासमा महत्वपूर्ण योगदान गर्ने बताउँदै, खेलकुद गतिविधिमा सहभागी हुँदा युवाहरूले लागूपदार्थ दुर्व्यसनजस्ता गलत गतिविधिहरूबाट टाढा रहन सक्ने धारणा व्यक्त गर्नुभयो । स्ववियुले विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि खेलकुदका माध्यमबाट उनीहरुलाई सकारात्मक मार्गमा अघि बढाउन निरन्तर प्रयास गर्दै आएको मैनालीको भनाइ छ ।

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा हेटौंडा क्याम्पसका प्रमुख देवीराम लामा, भुटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक माधवप्रसाद दाहाल, जिल्ला युवा समिति अध्यक्ष शिवहरि दाहाल, विद्यार्थी नेता आकाश अधिकारी, शिक्षकहरू मनोज पोखरेल, दीपेन्द्र ढकाल, पुरुषोत्तम आचार्य, प्रकाश सुवेदी, मुकेश मिश्र, प्रितम मोक्तान, विजय मसरांगीलगायतको उपस्थिति थियो ।

# ग्याँस बुलेटको ठक्करबाट पाण्डेको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१०, गोरक्षेश्वर मन्दिर अगाडि ग्याँस बुलेटको ठक्करबाट एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भक्तपुरको सुडाल घर भई हाल हेटौंडा-११, थानाभऱ्याङ बस्ने ६० वर्षीय रमेश पाण्डे रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभएको छ ।

शुक्रबार साँझ ७ बजेर ४५ मिनेटको समयमा हेटौंडाबाट थानाभऱ्याङतर्फ जाँदै गरेको साइकललाई ग्याँस बुलेटले ठक्कर दिँदा पाण्डे गम्भीर घाइते भएका थिए । घाइते पाण्डेलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा राति ८ बजे डाक्टरले मृत घोषणा गरेका हुन् ।

घटना हुनासाथ जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी टोली खटिएर एनएल ०१ एल ९०२६ नम्बरको ग्याँस बुलेट र चालकलाई नियन्त्रणमा लिएको थियो । घटनाबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# लिगमा शनिबार ४ खेल सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा शनिबार समूह चरणको ४ खेल सम्पन्न भएको छ । हेटौंडा-११ स्थित सिमलटार मैदानमा ३ वटा र हेटौंडा-६ स्थित गौरीटार रंगशालामा एउटा खेल सम्पन्न भएको हो ।

सिमलटार मैदानमा भएको पहिलो खेलमा प्रगतिशील युवा क्लबलाई १-० गोलले हराउँदै प्रतिभा युवा क्लब विजयी भएको छ । सिमलटारमै भएको सक्षम युवा क्लब र हेटौंडा भेट्रान्स क्लबबीचको खेल एक-एक गोलको बराबरीमा रोकिएको छ भने एफसी मल्टिभिजन क्लबलाई १-० गोलले हराउँदै पदमपोखरी विजयी भएको छ ।

गौरीटारमा भएको खेलमा रियल स्टार क्लबलाई १-० गोलले हराउँदै पिप्ले युवा क्लब विजयी भएको हो । प्रतियोगिताअन्तर्गत समूह 'क'को विजेता बन्दै एफसी पोताला र उपविजेता बन्दै सक्षम युवा क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको छ । समूह 'ख'बाट विजेता बन्दै गोर्खा ब्वाइज क्लब र उपविजेता बन्दै न्यू डाँफे क्लब क्वार्टरफाइनलमा प्रवेश गरेको छ । यस्तै, समूह 'ग'को विजेता बन्दै पदमपोखरी र उपविजेता बन्दै न्यू कम्बाइन क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

प्रतियोगिताअन्तर्गत आइतबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा दुई र हेटौंडा-६ स्थित गौरीटार रंगशालामा एक खेल गरी ३ खेलहरु हुनेछ । पिप्लेमा पहिलो खेलमा हाँडीखोला र चाइनाक्वार्टर बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा सहिद स्मृति र प्रगतिशील युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ । यस्तै, गौरीटारमा हुने खेलमा युनाइटेड नाइन र प्रतिभा क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

खेल बिहान ८ बजेबाट सुरु हुनेछ । प्रतियोगिताअन्तर्गत ८ गते क्वार्टरफाइनल, १० गते सेमिफाइनल र १२ गते फाइनल खेल हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।






समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ